मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily







वर्ष ९ अंक १६९ | २३ पुस २०८० सोमबार | 8 January 2024 Monday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

### आजबाट राष्ट्रिय मूर्तिकला कार्यशाला शुरु हुदै

## कपिलवस्तुले पर्यटन बाहेक केहि नगरे हुने दिन आउछ : सांसद पन्थी

**पार्वती पाण्डे**

कपिलवस्तु २२ पुस

कपिलवस्तुले पर्यटन वाहेक केहिकाम नगरे पनि यहाका नागरिकको जीवनस्तर उच्च हुने दिन आउने लुम्बिनी प्रदेश सभा सदस्य विष्णु पन्थीले ठोकुवा गर्नु भएको छ। उहाँले कपिलवस्तु जिल्ला पर्यटन प्रवद्धनको धेरै सम्भावना रहेकोको यो जिल्ला साँस्कृतिक राजधानी घोषित भएकाले यस्तो अवस्था आएरै छाड्ने स्पष्ट पार्नु भयो। उहाँले लुम्बिनी, तिलौराकोट, सगर हवा लगायतका क्षेत्रको प्रवर्द्धन र विकासमा बाटो नछेक्न पुरातत्व विभागलाई आग्रह गर्नुभएको छ। वर्षौसम्म पुरातत्व भन्दै बस्नु परेको भन्दै व्यवस्थित विकासको लागि सहयोग गर्न आग्रह गर्नुभयो।

सोमबार देखि बुद्धकालिन ऐतिहासिक कपिलवस्तुको सगरहवामा हुन लागेको कपिलवस्तु राष्ट्रिय मूर्तिकला कार्यशालाको बारेमा जानकारी दिन आयोजना गरिएको पत्रकार सम्मेलनमा बोल्दै उहाँले यस्तो बताउनुभएको हो।स्थानियले सगरहवाको संरक्षणमा सहयोग नपुर्याएको भए अहिले सगरहवा भरि बस्ती बसिसकेको हुने उहाँले बताउनुभयो। यस आसपासमा भएका सुकुम्वासीलाई बैकल्पीक ब्यवस्था गेरर मात्र हटाइने उहाँले प्रष्टाउनु भयो। अब सगरहवामा विभिन्न पार्कहरु निर्माण गर्न लागेको भन्दै सम्पुर्ण पक्षले सकारात्मक ढङ्गबाट सहयोग पुर्याउनुपर्नेमा जोड दिनुभयो।

त्यस्तै लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले लुम्बिनी विकास कोषले लुम्बिनी पछि कपिलवस्तुलाई विशेष प्राथमिकता दिएर काम गरेको बताउनुभयो। तिलौराकोटलाई विश्व सम्पदा सुचिमा सुचिकृत गर्ने प्रक्रिया करिब अन्तिम चरणमा पुगेको पनि उहाँले बताउनुभयो। लुम्बिनी, तिलौराकोट, सगरहवा, कुदान लगायत बौद्ध सङ्ग सम्बन्धित क्षेत्रको विकास गर्नका लागि तिनै तहका सरकार जिम्मेवार बन्नुपर्नेमा उहाँले जोड दिनुभयो।

लुम्बिनी विकास कोसका सदस्य सचिव सानुराजा साक्यले लुम्बिनी विकास कोसले लुम्बिनी पछि कपिलवस्तुलाई विशेष प्राथमिकता दिएर काम गरेको बताउनुभयो।

तिलौराकोटलाई विश्व सम्पदा सुचिमा सुचिकृत गर्ने प्रक्रिया करिब अन्तिम चरणमा पुगेको पनि उहाँले बताउनुभयो। लुम्बिनी, तिलौराकोट, सगरहवा, कुदान लगायत बौद्ध सङ्ग सम्बन्धित क्षेत्रको विकास गर्नका लागि तिनै तहका सरकार जिम्मेवार बन्नुपर्नेमा उहाँले जोड दिनुभयो।



राष्ट्रिय मुर्तिकला कार्यशालाको बारेमा जानकारी दिदै लुम्बिनी विकास कोसका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले प्राचिन कपिलवस्तु राज्यका शाक्यहरुको सामूहिक बध गरिएको सगरहवाको प्रवर्द्धन गर्ने उद्देश्यले उक्त कार्यशाला गर्न लागेको बताउनुभयो। आज सोमबार २३ पुस देखि माघ ८ गतेसम्म हुने १५ दिन लामो कार्यशालाले दबिएको सगरहवाको इतिहासलाई उजागर गरी पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त उहाले ब्यक्त गर्नुभयो।

लुम्बिनी र कपिलवस्तुको तिलौराकोट नजिकै भएपनि प्रचारमा आउन नसकेको भन्दै लुम्बिनी विकास कोषले सगरहवामा यस्तो कार्यक्रम ल्याएको बताउनुभयो।

त्यस्तै नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका मुर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले एक जना मुर्तिकारले एक जना सहयोगीका साथ बनाएका मुर्ति अध्ययन अवलोकनको प्रमुख गन्तव्य बन्ने बताउनुभयो। साथै जिल्लाकाको विकासमा पत्रकारहरुको भुमिका महत्वपुर्ण रहेको बताउदै यसको प्रचार प्रसार गर्न उहाँले आग्रह गर्नु भयो।लुम्बिनी विकास कोषको मुख्य आयोजना तथा कपिलवस्तु नगरपालिका सहित विभिन्न संघसंस्थाहरुको सहकार्यमा मूर्तीकला कार्यशाला हुन लागेको हो। कार्यक्रममा लुम्बिनी विकास कोषका सदस्य रामनरेश कोहाँर, वडा अध्यक्ष दिपक गुरुङ, मुर्तिकला कार्यशाला विज्ञ समितिका संयोजक पोम नारायण पौडेल ,पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष किरनमान बज्राचार्य , पूर्व अध्यक्ष मनोज पौडेल , लगायत जिल्लाका पत्रकारहरुको उपस्थिती रहेको थियो। कार्यक्रमको सञ्चालन मूर्तिकला कार्यशालाको सह आयोजक प्राचिन कपिलवस्तु बहुसंरकार मञ्चका लक्ष्मण बेल्वासेले गर्नु भएको थियो।

### शैक्षिक जनशक्ति पलायन

## रोक्न नसके हामी असफल हुन्छौं : मुख्यमन्त्री




परासी २२ पुस

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सत्ताको लागि राजनीतिमा मात्र होइन, विकास निर्माण र शिक्षाको गुणस्तरमा प्रतिस्पर्धा गर्नुपर्ने बताएका छन् ।उनले यो काम गर्न नसके तीनवटै तहका सरकार असफल हुने वताएका छन। पश्चिम नवलपरासीको बर्दघाटमा रहेको राजा महात्मा पुर्णभद्र माध्यमिक विद्यालयको स्वर्ण महोत्सवको समापन समारोहमा बोल्दै मुख्यमन्त्री चौधरीले यस्तो बताएका हुन्। अहिलेको आवश्यक विकास निर्माण र युवा जनशक्ति पलायन रोक्न नीतिगत र व्यवहारिक शिक्षा लागू गर्नु पर्नेमा उनले जोड दिए।

प्राविधिक शिक्षामार्फत रोजगारी वृद्धि गर्ने उद्देश्यसहित प्रदेश सरकारले सिपमूलक शिक्षामा जोड दिएको चौधरीले बताए। सातवटै प्रदेशका मुख्यमन्त्रीबीच कसले बढी विकास गर्छ, को पहिला जनताको आँगनमा पुग्न सक्छ भन्ने पक्षमा प्रतिस्पर्धा गर्नु पर्ने भन्दै उनले राजनीतिलाई सत्ता आरोहणको माध्यममात्र बनाउन नहुने बताए ।जनतामा संघीयताको मर्म बुझाउन नसक्दा व्यवस्थाप्रति नै प्रश्न उठ्न थालेको भन्दै उनले जनताको सुख, दुःखमा साथ दिने संविधान कार्यान्वनमा जोड दिनुपर्ने बताए।

## गुल्मीका ११ पालिकामा आफ्नै पाठ्यक्रम

तम्घास २२ पुस

गुल्मीका ११ वटा स्थानीय तहले आफ्नै पाठ्यक्रम निर्माण गरेका छन्। नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले व्यवस्था गरेअनुसार ११ वटा तहले स्थानीय पाठ्यक्रम निर्माण गरेका हुन्। १२ वटा स्थानीय तहमध्ये इस्माबाहेक अन्य स्थानीय तहले पाठ्यक्रम निर्माण गरेको शिक्षा विकास तथा समन्वय इकाई गुल्मीका प्रमुख लोकनाथ मरासिनीले जानकारी दिनुभयो। इस्मा गाउँपालिकाले आधारभूत तहको पाठ्यक्रम निर्माणको मस्यौदा तयार गर्दै गरेको मरासिनीले बताउनुभयो।




## सार्वजनिक क्षेत्र अतिक्रमण विरुद्ध उपमहानगरले चलायो डोजर

बुटवल, २२ पुस

बुटवल उपमहानगरपालिकाले सार्वजनिक क्षेत्र अतिक्रमण विरुद्ध डोजर चलाउने अभियान शुरु गरेको छ।

जसले सार्वजनिक स्थलमा निर्माण भएका घरटहरा हटाउने अभियान शुरु गरेको छ।

सार्वजनिक स्थल अतिक्रमण गरी संरचना बनाएका ठाउँ खाली गरेर विश्रामस्थल, पार्क र चौतारी निर्माण गर्ने उदेश्यले सार्वजनिक स्थलमा निर्माण भएका घरटहरा हटाउने अभियान शुरु गरेको हो।

अभियानअन्तरगत आइतबार बुटवल उपमहानगरपालिका वडा नं ५ हाटबजार लाइनका ३ वटा टहरा र नेपालगञ्ज रोडको एउटा टहरा भत्काइएको छ।

सार्वजनिक स्थलमा निर्माण भएका टहरा हटाउन पटक पटक पत्राचार गरेपनि स्वतस्फुर्त टहरा



नहटाएपछि आइतबार इलाका प्रहरी कार्यालय बुटवल, नगरप्रहरी, भूमि शाखा र स्थानीयको सहयोगमा ती टहरा हटाएको वडा नम्बर ५ का अध्यक्ष हरिप्रसाद श्रेष्ठले जानकारी दिए।

उनका अनुसार हाटबजार लाईनमा टहरा हटाएका सडक क्षेत्रबाहेकको क्षेत्रको स्थलमा उजिरसिंह फल्चा, रामापिथेकस पार्क निर्माण गरिनेछ।

यस्तै नेपालगञ्ज रोडमा सार्वजनिक स्थल र सडक क्षेत्रमा पर्ने वडा नं ५ का बाँकी टहराहरु हटाउन बुटवल उपमहानगरपालिकाले पत्राचार गरिसकेको र केही दिनभित्रै ती टहरा हटाउने तयारी रहेको उनले बताए।

यस्तै वडा नम्बर ६ र अरु वडामा पनि सार्वजनिक स्थलको संरक्षण गर्दै पार्क र चौतारी निर्माण गर्ने अभियान बुटवल उपमहानगरपालिकाले सञ्चालन गरेको छ।

बुटवललाई उपयुक्त विश्रामस्थलका रुपमा विकास गर्नका लागि पर्यटकीय स्थल, पार्कहरु, चौतारीहरु, सार्वजनिक शौचालय र पिउने पानीको व्यवस्था गर्ने गरी चालु आर्थिक वर्षमा बजेट विनियोजन गरेको नगर प्रमुख खेलराज पाण्डेयले बताए।

उनका अनुसार चालु आर्थिक वर्षमा केही स्थानमा मोडेलका रुपमा केही चौतारीहरु निर्माण गरिनेछ र आगामी आर्थिक वर्षमा बुटवलका सबैजसो वडामा पार्क र चौतारी निर्माण गरिनेछ।

# सम्पादकीय

## धर्मान्तरण गराउनेलाई कालोमोसो !

कपिलवस्तु नगरपालिका - २, प्रहरी कार्यालय टोलका एक घरमा धर्मान्तरण गराउन खोज्ने दुई जनालाई कालोमोसो दलिएछ । अबोध बाल-बालिकालाई झुक्याएर बाइबल पाठ गराएर महिलालाई उपचारका नाममा प्रार्थना गर्न लगाएको भेटाएपछि त्यस्तो गरिएछ । जबर्जस्ती धर्मान्तरण गराउने प्रयास भैरहेको खबर पाएपछि महाकाल युवाशक्ति नेपालका ७० जनाजति कार्यकर्ता सम्बन्धित घरमा पुगेर, गराउन खोज्नेलाई समातेर कालोमोसो दलेछन् । अभियुक्तद्वय कृतिराज ढुंगेल र सहयोगी मनोज कहारलाई कालोमोसो दलेपछि स्थानीय जनताबाट बजार परिक्रमा गराउने प्रयास भएको थाहा पाएर आफ्नो टोली पुगेर अनुन्धान अगाडि बढाइएको कुरा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर वलीले जानकारी गराएका हुन् ।

जुनसुकै धर्म मान्न पनि पाइन्छ नेपालमा । तर प्रलोभन देखाएर, प्रभावमा पारेर, झुक्याएर धर्मान्तरण गराउन पाइदैन । कपिलवस्तु जिल्लामा जसरी इसाई धर्मका अनुयायीहरुले टोली नै बनाएर, गाउँ ठाउँमा पुगेर, घर घरमा घुसेर, धर्मान्तरण गराउने काम गरेका छन्, त्यसलाई त्यसरी नै छूटदिन मिल्दैन । प्रहरीले कस्तो अनुसन्धान गर्ने हो, गर्ला आफ्नै तरिकाले । अति भएपछि गाउँ ठाउँबाट उस्तै टोली बनाएर प्रतिवाद हुनथाल्नु भन्दा अगावै रोकथाम नभए झडप हुने सम्भावना देखियो । राम्रो हैन यो । सरकारी गुप्तचरहरुले के गर्छन् र प्रहरी प्रशासनले के गर्छ ? सोचनीय विषय बन्यो । अनि सम्बन्धित आस्थाका अनुयायीहरु, रैथाने समुदायहरु, आफ्नो परम्परागत धर्मप्रति किन विमुख भएर परधर्मप्रति आकर्षित हुन थालेका हुन् ? यसको पनि अनुसन्धान र संरक्षण हुन पर्छ कि पर्दैन ?

हिन्दू धर्मका मठ मन्दिरहरु र पुरेत पण्डितहरुले मात्र आस्था र प्रथा जोगाउन सक्दैनन् । जो आर्थिक उपार्जनका आधार बन्दै छन्, सेवा र समर्पणका सँस्कार ढल्दैछन् । परम्परागत आस्था र प्रथाका प्रतिनिधिहरुले सेवा गरेदेखि परधर्मप्रति आकर्शित हुने सम्भावना रहन्न भनेर नबुझ्ने हो भने कानुनी र प्रशासनिक प्रयासले मात्रै हिन्दूहरुका सँस्कार र सँस्कृतिलाई बँचाउन सम्भव हुँदैन । इसाई मसिनरीको लगानी विश्वभरी छ । उनीहरुका लगानीको तुलनामा कमजोर अवश्य पनि हुनसक्छ हिन्दूहरुको स्थिति । तर अपनत्व मात्रै जोगाउने प्रयास गरेर समभाव र सहृदयतालाई सहजीकरण गर्ने हो भने विकर्षण हटाउन सकिन्छ नि ! अब त धर्म र परम्परा पनि उत्पादनमुखी र आत्मनिर्भरमुखी नबनाउने हो भने कोही सुखी रहन सक्दैनन् । दुःखी मान्छेले दुःख निवारण गर्न खोज्नु नाजायज होइन ।

महाकाल युवाशक्ति नेपालका नाममा संगठित युवाहरु जनवरी २२ तारिकमा अयोध्यामा हुने रामन्दिरको प्राण प्रतिष्ठा सफल पार्ने अभियानका सिलसिलामा तौलिहवामा आएका रहेछन् । उनीहरु नआएर थाहा नपाएका भए, अभियुक्तद्वयलाई समातेर कालोमोसो दलिने रहेनछ । यसको अर्थ कालोमोसो दलिनुपर्छ भन्न खोजेको होइन । आफ्ना टोल छिमेकमा के भइरहेको छ, कस्को कस्तो प्रभाव परेको छ, अनि के गर्नु पर्छ भन्ने विषयमा स्थानीय जनता आफै सचेत हुनै पर्छ । अरुले आएर गरिदेलान्, हामीले केही गर्नै पर्दैन, जुन धर्म मान्दा सजिलो हुन्छ उही मान्ने त हो नि भनेर बसे परम्परागत आस्था र प्रथा जोगिदैन ।

# आहारा खोज्न हिडेको हरिण सिंहको सिकार



बिन्दु पाण्डे

एका बिहानै उठेर सहर लागे 'बस्ने बास थिएन खाने गास थिएनबाबु आमाको जेठो छोरा जिम्मेवारीले सङ्गै बस्न दिएन' बाबुको पैढो धान्नु पर्ने थियो। उपचार गर्दा लागेको ऋण चुकाउनु पर्ने थियो। अठार उन्नाइस वर्षको लेख्ने पढ्ने उमेरैमा रोगि बाबु र आमाको उपचार भाइको राम्रो शिक्षाको लागि कामको सिलसिलामा हिड्नु पर्यो। दिनहुँ साहुले ऋण खाको पैसा चुकाउन सक्दैन भनि घर बास छोड्न धम्कि दिँदा हात जोडि खुट्टा ढोगि आँसु झर्नु पर्यो। दया गर्ने को नै थियो र हामी दुखि पिडितलाई, राम्रो सँग पढ्नु है मेरो भाइ सहर गइ काम खोज्नु पर्यो् ख्याल गर्नु आमाको म कमाएर पैसा पठाउछु घरको ऋण तिर्दै जानुहै। बाबु आमाको मायालाई मुटुमा च्यापेर घरको ढोकाबाट बाहिर निस्कदै थिए।सगरोमै ठक्कर लाग्यो। कस्तो दुबिधाको सङ्केत थियो। जन्मदिने ति आमाको मुहार फर्कदै हेर्दै धेरै टाढा आइपुगेछु। थाहा छैन यात्रा कहाँ सम्मको छ। दुख्ख मात्रै हुने हो कि हुने हो पुरा रहर

बिहानिको सरेठोमा बस चढेर काठमाडौं तिर होने। आमाले मुठि च्यापेर पाँच सय रुपैयाँ भारा भनि दिनुभएको थियो। घुम्टि मोडदा मोडदै आठ कि•मि पछि बस रोकियो। मैले सोचे यहिँ सम्म रहेछ बसका सबै साथिहरु ओर्लिएर होटल तिर लाग्नु भयो। खाना खानको लागि बस रोकिएको रहेछ गाडीमा म र गुरु मात्रै थियौं गाडिचालक पनि खाना खाने हैन् भाइ भन्दै होटल तर्फ लाग्नुभयो। खल्तीमाको पैसाले खाना खाम त भारा पुग्दैन्थ्यो,भारा दिन त खान पुग्दैन्थ्यो। तै पनि बसबाट ओर्लिए होटलमा अनेकौं खानाहरुको मग्न बास्ना छाएको थियो। भोको पेटले आहारा त मागेको थियो तर पैसा थिएनन् । साहुजिले सोद्धै हुनुहुन्थ्यो, भाइ खाना के ल्याउ, अङ्कल थोरै पानी मिल्छ, टेबलमा छ। मैले टेबलमा राखेको एक आम्खोरा पानी सिद्याए ।निक्कै तिर्खाएको रैछउ त भाइ ,मनको पिडा लुकाएर मुसुक्क हास्दै भने लामो यात्रा भएर होला ज्यादै प्यास लागेको थियो। अनि खाना के ल्याउ भइ तन्दुरी लगाइदेउ। होइन होइन अङ्कल यात्रा गर्दा खाना खाने बानी छैन मेरो 'ल होर भाइ हसिलो रहेछै, म मुस्कुराउदै बसमा चढेर आफ्नो सिटमा बसे 'मान्छे हसिलो हुदैमा र खिस्स हास्दैमा जिवन चल्दो रहेनछ।आदि घन्टा नबित्दै बस त्यहाँ बाट हिड्यो। मेरो मनमा अनेकौ सपनाहरु बुनिन थाले १२ घन्टाको यात्रा पछि मिरमिरे उज्यालोमा बस राजधानी प्रबेस गर्यो। सुनेको थिएँ राजधानीमात हामी जस्ता गरिब दुखिलाई सहयोग गर्ने सस्था हुन्छ अरे मैले पनि राजधानीमा धेरै पैसा कमाउछु। भाइलाई पढाउँछु,आमालाइ नयाँ धोती र चोलि फेरिदिन्छु।सहरमा घर बनाएर आमालाई राख्छु।

गाडि चालकले टाठो स्वरमा बोलाउदै भन्नु भयो 'ओ भाइ गाडि बसपार्क आइपुग्यो ओर्लिने होइन ' सरै मिठो सपनामा डुबेको रहेछु। उहाँको आवाजले झस्किएर जुरुक्क उठेर आफ्नो अघि पछि फर्किएर हेर्दा सबै बसबाट झरिसक्नु भएछ। हतार हतार मेरो झोला लिएर बसबाट ओर्लिए। तर जाने कहाँ, खाने के र बस्ने कहाँ केही टुंगो थिएन। म बसपार्क बाट अगाडी गएर बायाँ तर्फ मोडिए एक जना आन्टिले फलफुल वेच्दै हुनुहुन्थ्यो। मैले आन्टीलाई सोधे आन्टि यहाँ काम पाइन्छ।आन्टिले हास्दै भन्नुभयो आफैंलाई त काम छैन दिनभरमा चार के जि स्याउ बिग्दैन।

बाबु गाउँ तिरबाट आउनुभएको,हजुर आन्टि आज मात्रै काठमाडौँ आएको आन्टि एता अन्त कतै काम पाइन्छ कि ? खै बाबु होटलहरुमा बुझ्नु पाइन्छ होला। हस आन्टि धन्यवाद,केहि अगाडी दायाँ साइटमा लहरै पाँच छ वटा होटलहरूमा पनि बुझे काम नपाइएपछि म डेरा खोज्न लागे दश पन्ध्र मिनेटको बाटो हिँडेर थोरै भित्र तर्फ गएर गेटमा उभिदै गरेको अङ्कल संग सोधे' अङ्कल यहाँ डेरा मिल्छ।रुम त एउटा खालि छ कस्तो रुम खोज्नु भएको अनि काम के गर्नुहुन्छ। आजमात्र काठमाडौं आएको काम पनि खोज्दै छु। अनि अङ्क भारा कति छ होला रुमको भारा त बाबु पानी, बिजुली, फोहोर र रुमको गरेर जम्मा पन्ध्र हजार हुन्छ। बाबुलाई एक हजार छुट दिएर चौधमा दिउला। अङ्कल एक्लैको लागि हो। सझ पनि पर्न लागि सक्यो अलि सस्तो तिन चार हजारको पाइदैन होला अङ्कल अलि झर्किदो स्वरमा भन्नुभयो ' यो बिसाल सहरमा तिन चार हजारमा त घुन पुत्ला पनि आउदैन कस्ता कस्ता मान्छे आउँछन भन्दै भित्र गएर गेट लगाउनु भयो। मेरो मनमा चिसो लाग्यो आज मेरो बुबा भइदिएको भए यो दुख्ख पाउनु पर्थेन। सायद दैबले पनि आताङ्कारिलाइ छाडेर राम्रो लाइ गर्दो रहेछ। आफ्नो आँखामा टिलपिल टिलपिल आँसु लिएर त्याहाँ बाट फर्किएर बसपार्क माथिको चैपारिमा पुगे हिँड्दा हिँड्दै शरिर थालिसकेको थियो। खाना नखाको पनि चौबिस घण्टा भएछ। आमाले हिड्ने बेला हतार हतार मकैको पीठो भुटिदिनु भएको थियो।ह्या! आमा खदिन भन्दै हिडे अहिले चौपारीको चिसो भुइँमा बसेर त्यही मकैको पिठो झलझली आखाँमा आइरहयोछ। घरबाट हिँड्ने बेला सोचेको थिएँ।

राजधानी हाम्रै हो। तर म भ्रममा भए होइन रहेछ "यहाँ त धनि मानि बिदेशी र नेताहरुको गोप्य आस्रमभएछ। हाम्रो गाउँ तिर त साझ परेपछि सबै बासमा पसथे तर यहाँ त दिन भन्दा रातमा चमक्ता हुदोरहेछ।"

यो बिसाल सहरमा मानबता भन्ने थाहा हुँदो रहेछन्, मान्छेले मान्छेलाई चिन्दो रहेनछ। यहाँ त सिंह जस्ता नेता र ब्यासो जस्ता सेनाहरू मात्र हैकुम चल्दो रहेछ।

चौपारीमा बस्दै गर्दा सडक क्रस गरेर एक जना बुढो मान्छे खोच्याङ खोच्याङ गर्दै मै तिर आउदै हुनुहुन्थ्यो। मेरै छेउमा आएर लामो स्वास फेर्दै बस्नु भयो। उहाँको हातको केहि खानेकुरा देखेर मलाई आस लाग्यो तर माग्न भने सकिन। उहाँ पनि निकै समय चौपारीमा बस्नुभयो। उहालाई देख्दा मलाई पनि मेरो बुबाको झल्कोले सताइ रहयो उहाँ संगका तिता मिठा आनाकानीले आँखा भरि आँसु भरियो। उहाले आफ्नो साथमा भएको प्याकेटको खानेकुरा दिएर घरतिर लाग्नु भयो। प्याकेटको खानेकुरा खाएर चिसो भुइँमा रात बिताए। यहाँका घरहरू धरहरा जस्तो मुन्टो ठडो बनाएर हेर्नुपर्छ। यि घरहरूमा हामी गरिबका लागि एउटा कोठा मिल्दो रहेनछ। हप्तादिन बितिसकेछ काठमाडौं आएर भोकै तिसै चौपारीको चिसो भुइँलाइ न्यानो काख बनाएको घर फर्किम त कसरि फर्किम औसिको रात जस्तो भएको आमाको मुहारमा जुनको उज्यालो ल्याउन हिडेको छु। नफर्कम त यहाँ गास काट्न पनि नसकिने भयो। कति दिन चल्छ भोकै तिसै यो चिसो भुइँमा काठमाडौं आएको आठ नौ दिनमा जनतन खोलाको किनारमा बालुवा चालेर भोक मेटाउन थाले। हप्तादिन त्यसैमा काम गरेर खाना जुटाए। त्यसको केहि दिनमै ग्यारेजमा सवारी गाडि धुने काम पाए जहाँ बाट खाएर एक दुई सय रुपैयाँ बच्न थाल्यो। त्यो सय रुपैयाँ मलाई एक हजार भन्दा पनि ठुलो लाग्यो। त्यहिँ सय रुपैयाँले मलाई अगाडी बढ्न हौसला मिल्यो यहाँ आएको एक महिना मलाई एक बर्ष जस्तो भयो।

त्यसको दुइ तिन महिना पछि होटलमा भाँडा माझ्ने काम पाए खान बस्न त्यहि मिल्यो। कोठा पनि खोज्नु परेन खाना पनि त्याहाँ बाट चौपारीको चिसो भुइँ छाड्ने मौका मिल्यो। मालिक भने अलि रुखो झरकालु र खर्रो स्वभावको थियो। सुरुमा आठ हजार बाटा काम गरे। कर्मठ भएरकाम गरेको देखेर कहिले काँही टिप्स र महिनैपिच्छे तनखापनि बढाइ दिन्थ्यो। भाडा माझ्ने काम गर्दा गर्दै खानाका परिकारहरु बनाउन सिके म पनि कर्मठ भएरकाम गर्दै जाँदा तनखा पनि राम्रै दिन थाल्यो। मालिकको फोनबाट कहिले काँही आमालाई फोन गरेर सन्चो बिसन्चो सोध्थे। कहिले आमाको तस्बिर छातिमा राखेर निदाउथे। कामहरु सिक्दै जाने क्रममा कम्प्युटर पनि चलाउन सक्ने भए। म सगँका साथिहरु सबै ब्याग बोकेर कलेज जाँदा मलाई पनि कलेज पढ्न मन निकै लाग्थ्यो। आफ्नो दुःख सम्झिएर मन बुझाउथे। निकै मेहनत गरेर कमाएको पैसाले सानो सानो ऋण तिर्थे होला तर चार रोपनी जग्गा र घर बासको लाल पुर्जा दिएर साहुबाट लिएको बाह्र लाख ऋण तिर्न नेपालको कमाइले सम्भव थिएन। त्यसैले त्यो काम छाडेर कुनै अफिसमा काम खोज्ने र बिहान को खालि समयमा बाहिरी देशको भाषा पढेर बिदेशीने निणर्य गरे। जन्म दिएकि आमाको काख र आफ्नो देशको माटो छाडेर पलायन हुने रहर त थिएन। हाम्रो देशका बवासो र स्यालको भुडि कहिल्यै भरिएन। उनिहरुलाई अपुग हुँदा सम्म हामी सोझासाझा जनताहरू भोकै मर्नु पर्ने देशमा गरिबका दिनहरु फर्किएनन्। खै देशमा के हुदैछ।सुन्थे सबै भन्दा धेरै नियम कानुन भएको देश नेपालमा कानुन केहि अर्थ रहेन, हाम्रो देशमा कानून बनाउनेले अनेक कान्ड पनि बनाउदा रहेछन्। कहिले हत्या काण्ड, कहिले स्वसण कान्ड, कहिले अपराध काण्ड त कहिले पिडित काण्ड 'खै लोकतन्त्र ल्याउने बिर गोर्खाली कहाँ छन् अहिले ' ' ति नेपाल आमाका सन्तानहरू हाम्रो देशमा उठ्छन् कहिले '

मनमा पनि एका एक दोन्द चलिरहेको छ। कति बेला छोरो आउछ भनि आमाका आखाँ कुर्दै होलान्। "यहाँ सिंह जस्ता र ब्वासो हरुबाट बाच्न गाह्रो रहेछ। फासि नदिने नेपाल अहिले त सबै भन्दा धेरै फासि दिने नेपाल भएछ। " के गर्नु गर्भका साथ म मेरो देशमा बस्छु आफ्नो देशको माटोमा काम गर्छु भन्न पनित सक्दैन म भनौ पनि कसरी राजतन्त्र हटाएर प्रजातन्त्र ल्याउने, प्रजातन्त्र हटाएर लोकतन्त्र ल्याउने जनतालाई रोजगारी दिलाउछौ शिक्षा, स्वास्थ्य ल्याउछौ भन्ने स्यालहरुको भुडि अझै भरिएकै छैन। बेलुका काम र बिहान इन्सिच्युटमा गयि भाषा पढ्न थाले।आउदा जादा बाटोमा सारै मन बिग्रन्छ। आफ्नो देशमा चालिस पचास हजारको जागिर खान नेताको सन्तान भएर जन्मन पर्छ। गरिबि र रोजगारको अभावका कारण म पनि एउटा हातमा पासफोट र अर्को हातमा फाइलहरु बोकेर विदेशको यात्रा तय गर्न लागे। बिदेशीएका युवाहरुको रेमिट्यान्सले यहाँका ठुला ठाला भनौदाहरु रजाइँ गरेका छन्। न त रोजगार दिन सक्छन्। पासफोट बोकेर विदेश जान्छु भन्दापनि रोक्छन्। आज अध्ययन गरेर फर्कदा बालकुमारीमा होहल्ला भइरहेको थियो। युवाहरु आवाज उठाउदै थिए। मेरो दिउसोको डिउटी भेटाउन जानुपर्ने थियो केहि वास्तै नगरि अलि पर सम्म पुगे तर मनले मानेन के भएको रहेछ बुझौ जस्तो लाग्यो। सडकको छेउमा आफ्नो पुरानो साथिलाई देखे उ संग भेट भएर धेरै खुशी लाग्यो। यति धेरै खर्च गरेर पढेर रोजगारको लागी बिदेश जान्छौउ भन्दा पनि सरकारले कहिले के मा त कहिले के मा रोक लगाइदिन्छ। आजको डिउटि छाडेर साथिहरु सङ्गै म पनि समावेश भए । केहि समयमै पुलिसहरुले अचानक गोली प्रहार गर्न थाले। पुलिसले चलायको सुरुकै गोली मेरो छाती लाग्यो।

जसो तसो आठ नौ महिना लगाएर जनतन एउटा फोन हात पारेको थिए। काधमा परिवारको जिम्मेवारी र सिरमा साहुको ऋण बोकेर, कमाउला, रमाउला,घरको चुहिने छानोमा टिन लगाउनला भन्दै घरबाट हिडेको थिए। पिडाले भरिएको आमाको मन , आसुले भरिएका आमाका आखाँ, मुस्कुराउन छाडेको आमाको ओठमा खुशी ल्याउछु भनेर हिडेको थिए। हिजोमात्र भइले फोन गरेर सोध्दै थियो। कहिले आउछस दाइ सारै न्यास्रो लागेको छ।


आउदा घाटिमा माथिसम्म गला भएको सेतो टिसट ल्याइदिनु, हास्दै हुन्छनि भाइ ल्याइदिउला आमासँग बोल्छु। आमा सन्चै छिन् त आमासँग पनि हास्दै दुख्खम सुख्खम बोलेको थिए। आउदा धोती अनि चोलो ल्यायिदिन्छु भन्दै थिए। बिदेश जान्छु र साहुको ऋण सक्काइ सहरमा ठुलो घर बानाएर भाइ र आमालाइ खुशी बनाउछु। ल आमा भोलि बोलमला आज काममा जानु छ भन्दै काटेको फोन फेरि उठाउन सकिन । त्यो भोलि पनि कहिल्य आएन आमाको सपना सपनामै सिमित रहयो। न त घरको छानो फेरियो न त साहुको ऋण नै तिरियो। तिम्रो ओठमा खुशी किन्न सकिन जङजलमा आहारा खोज्न हरिण डुले जस्तै राजधानीमा म मेरो गास बास खोज्न हिडेको थिए। के थाहा मलाई हाम्रो देशमा पानि माग्दा बिष दिने, खाना माग्दा थिचिदिने र रोजगार माग्दा पेस्तोलको गोली दिने नियम बनिरहेको छ भनेर, कतिबेला छोरो आउछ भनि आमाका आखाँ कुर्दै होलान्। खुशी दिने रहरमा आज ऋण सहित थप जिम्मेवार दिएर म सङ्गै मेरा सारा सपनाहरु पुरा गर्न नपाउदै बालकुमारीमै अस्ताए।

# बुद्धभूमिमा १६ सय आँखा रोगीलाई निःशुल्क परीक्षण सेवा

**रामु पौडेल**

कपिलवस्तु २२ पुस

विपन्न, बृद्धबृद्धा, अःसाहय लगायतलाई मध्यनजर गरी कपिलवस्तुको बुद्धभुमी नगरपालीकाको आयोजनामा घरदैलोमै दुईदिने आँखा शिविर सम्पन्न भएको छ।



बुद्धभुमी नगरपालीकाको आर्थिक सहयोग, छन्दे कालेबालु नारायणी आँखा अस्पताल बहादुरगन्जको प्राविधिक सहयोगमा सम्पन्न शिविरमा आँखामा विभिन्न समस्या भएका १५ सय ७८ अठतर जना विरामीले निःशुल्क उपचार पाएका छन् । अहिले पनि गरिव, विपन्न, असाहय समुदायका आँखाका विरामीहरु उपचार पाउन नसक्दा अन्धकारमा जीवन विताउन बाध्य छन् । तर, यस्ता व्यक्तिहरुका लागि पछिल्लो समय कपिलवस्तुको बुद्धभुमी नगरपालीकाले आँखाको निशुल्क उपचार गर्ने व्यवस्था मिलाएपछि बृद्धबृद्धाले गाउँघरमै उपचार पाएपछि निकै खुःशी देखिएका छन् ।

त्यसका लागि छन्दे कालेबालु नारायणी आँखा अस्पताल बहादुरगन्जको प्राविधिक सहयोग, बुद्धभुमी नगरपालीकाको आर्थिक सहयोगमा शिविरको आयोजना गरेको बुद्धभुमी नगरपालीका प्रमुख केशव कुमार श्रेष्ठले बताउनुभयो ।

शिविरमा आँखामा विभिन्न समस्या भएका व्यक्तिले निःशुल्क उपचार पाएको बरकलपुर स्वास्थ्य चौकी इन्चार्ज चन्द्रावती अधिकारीले बताउनुभयो । शिविरमा अधिकांश बिरामी मोतियाविन्दु, जलविन्दु, लगायतका समस्या लिएर आउने गरेको छन्देकाले बावु नारायणी आँखा अस्पताल बहादुरगन्ज कपिलवस्तुमा कार्यरत डाक्टर सुलक्ष्मी कटुवालले जानकारी दिनुभयो । स्थानीय सरकारको यस प्रकारको कामप्रति आँखाका विरामीहरुले प्रशंसा व्यक्त गर्दै आगामी दिनमापनि निरन्तरता दिन सुझाएका छन् ।

# छलफल नगरी मेला सञ्चालन गर्न थालेको भन्दै बजार बन्द



सल्यान,२२ पुस

आर्थिक मन्दीका बेला महोत्सव गर्न थालेको विरोधमा सल्यानको प्रमुख व्यापारिक केन्द्र श्रीनगरका व्यापारीले बजार बन्द गरेका छन्।

आफूहरूसँग कुनै छलफल नगरी मेला सञ्चालन गर्न थालेको भन्दै विरोध स्वरूप बिहान ९ बजेदेखि ११ बजेसम्म दुई घण्टा बजार बन्द गरेका हुन्।देश आर्थिक मन्दीमा फसेका वेला जिल्लामा भएको आम्दानीको स्रोत पनि जिल्ला बाहिर जाने भएकाले मेला महोत्सव नगर्न आग्रह गर्दा गर्दै सम्बन्धित निकायले जबरजस्ती मेला सञ्चालन गर्न थालेकाले बजार बन्द गरेको श्रीनगर बजार व्यवस्थापन समितिका अध्यक्ष हपिस भण्डारीले जानकारी दिए।जिल्ला प्रशासन कार्यालय र शारदा नगरपालिकालाई मेला सञ्चालन नगराउन ज्ञापनपत्र बुझाएको चार दिन भइसक्दा समेत त्यसको कुनै सुनुवाइ नभएपछि पहिलो चरणको आन्दोलनअन्तर्गत २ घण्टा बजार बन्द गरेको उनको भनाइ छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जिल्ला शाखा सल्यानले शारदा नगरपालिकासँग अनुमति लिएर महोत्वस सञ्चालन गर्न थालेको जनाएको छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जिल्ला शाखा सल्यानले पुस २६ गतेदेखि माघ ७ गतेसम्म बृहत् सल्यान महोत्सव सञ्चालन गर्दै छ।

# हरियाली सहकारीको अध्यक्षमा थापा चयन

दाङ २२ पुस




देउखुरीको हरियाली बचत तथा ऋण सहकारी संस्था राप्ती गाउँपालिका-५, सिसहनियाँको अध्यक्षमा रेशमबहादुर थापा सर्वसम्मत चयन हुनु भएको छ। संस्थाको शनिवार राप्ती गाउँपालिका-५, सिसहनियाँमा आयोजित १६ औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशनले अध्यक्षमा थापालाई सर्वसम्मत चयन गरेको हो । थापाकै अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ। जसको उपाध्यक्षमा लिलबहादुर रोका, सचिवमा राधा पाण्डे, कोषाध्यक्षमा शोभाखर आचार्य रहनु भएको छ। त्यसैगरी सदस्यहरुमा सरिता शर्मा, ज्ञानबहादुर बुढामगर, हरिकला पाण्डे, ईश्वरीप्रसाद अधिकारी र विष्णुमाया घिमिरे रहनु भएको छ। त्यसैगरी अधिवेशनले खगेश्वर शर्माको संयोजकत्वमा तीन सदस्यीय लेखा समिति समेत सर्वसम्मत चयन गरेको छ । जसको सदस्यहरुमा वृजविहारी चौधरी र तेजेन्द्र सिंह ठकुरी रहनु भएको छ । राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यता तथा संविधान सभा सदस्य सुशिला चौधरीको विशिष्ट आतिथ्यतामा भएको सभा उद्घाटन कार्यक्रममा संस्थाका सचिव रेशमबहादुर बुढाले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष हरिप्रसाद ज्ञवालीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

# अबैध औषधी सहित २ पक्राउ

पश्चिम नवलपरासी २२ पुस

पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका-९ बाट प्रहरीले ठूलो मात्रामा भन्सार छली गरी भित्र्याइएको औषधि बरामद गरेको छ।

भारतबाट भन्सार छली गरेर नेपाल भित्र्याइएको २९ लाख ४९ हजार १७ रुपैयाँ बराबरको औषधिसहित २ जना व्यक्तिलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका डीएसपी रेशम बोहोराले बताए। प्रदेश नम्बर ३, ०१–००२ च ८९९६ नम्बरको कार चेक गर्ने क्रममा सर्जिकल सामग्री र औषधि बरामद गरेको हो।

औषधिसहित पक्राउ पर्नेमा गोरखाको गण्डकी गाउँपालिका-४ का विवेक पोखेल, र बागलुङ बडिगाड गाउँपालिका-५ का अभिषेक खरेल रहेका छन्।

बरामद भएको औषधि,कार र पक्राउ परेका व्यक्तिलाई आवश्यक अनुसन्धानपछि भन्सार कार्यालय पठाउने प्रहरीले जनाएको छ।


## स्कुटर हराएको सूचना

मेरो होन्डा कम्पनीको रातो स्कुटर मिति २०८० साल मंसिर ११ गते आफ्नै निवास वाट हराएको हुदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्म नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः शान्ता रेग्मी पौडेल**
**ठेगाना : बाणगंगा-२ राजपुर कपिलवस्तु**
**मो.स नम्बर : लु ९२ प ७९०३**
**च्याचिस नम्वर : ME4Jf39HFND020795**
**सम्पर्क: ९८५७०५०३४६**

## पिपरा कोठी महिला सेवा सामुदायिक वन
बाणगंगा नगरपालिका -२ पिपरा, कपिलवस्तु
स्था : २०५६

### तारबार निर्माण ठेक्का सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०९/२३ गते*

प्रस्तुत विषयमा यस पिपरा कोठी महिला सेवा सामुदायिक वनको निर्णय अनुसार यस सामुदायिक वनको परिसर भित्र क्रमश :पिपरा अस्पतालदेखि लखन चोकसम्म र दिपक थारुको घर देखि घाटगद्दीसम्मको तारबार तथा वन संरक्षण गर्ने काम ठेक्का द्वारा लगाउनु पर्ने भएकोले यो ३० दिने सर्वजनिक सुचना प्रकाशित गरिएको छ । ठेक्काद्वारा तारबार निर्माण गर्न इजाजत प्राप्त फर्म कम्पनीले यो सुचना प्रकशित भएको मितिले (३०) तीस दिन भित्र यस कार्यालयवाट दरभाउ पत्र खरिद गरि ३० औ दिनको दिन ठिक १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसकेको हुनुपर्ने र दर्ता हुन आएका दरभाउ शिलबन्दी पत्र सोहि दिन २:०० वजे प्रचालित कानुन वमोजिम खोलिने व्यहोराको समेत यसै सुचनाद्वारा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | वार्ड नं. | अनुमानित लागत मू.अ. कर सहित | दरभाउ पत्रको मुल्य रु. (फिर्ता नहुने) | धरौटी राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | तारबार निर्माण | ०२ | **३१५९६५९।९३** | ३०००।- | ७००००।- |

**शर्तहरु**
- धरौटी वापतको रकम यस कार्यालयको पिपराकोठि महिला सेवा सामुदायिक वनको नाममा रहेको बैंक सिटिजन्स बैंक इ. लि.खाता नं. १३६०१०००००२३४२०१ मा जम्मा गरि सोको सक्कल प्रति भौचर सिलवन्दी दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।
- सिलवन्दी दरभाउपत्र साथ इजाजत प्राप्त निर्माण कम्पनिको इजाजत पत्र, पान नं. कम्पनी दर्ता प्रमाण पत्र, कर चुक्ता र संञ्चालकको नागरिकताको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- ठेक्का दरभाउ पत्र रु.३०००।-(फिर्ता नहुने) गरि यस कार्यलयबाट प्राप्त गर्न सकिने छ ।
- नियमअनुसार प्राप्त हुन आएका सिलवन्दी दरभाउपत्रहरु संञ्चालक वा निजको प्रतिनिधिको रोहवरमा २०८०/१०/२१ गते २:०० बजे यस कार्यलयमा खोलिनेछ तर प्रतिनिधि उपस्थित नभएमा यस सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
- आफुले कबुल गरेको रकम अङ्क र अक्षरमा दुबै बुझिने गरि उललेख गर्नु पर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्याता दिईनेछ ।
- रित नपुगेको दरभाउपत्रलाई प्रतिस्पर्धामा समावेश गराइने छैन ।
- तारबार निर्माण सम्बन्धि अन्य शर्तको हकमा प्रचलित कानुन र यस कार्यलयको निर्णय अनुसार हुनेछ ।
- कुनै कुरा खुलाउनु परेमा दरभाउ पत्रको कैफियत महलमा खुलाइ पेश गर्न सकिनेछ ।

Krishnanagar manicipality
**Office of Municipal Executive**
Krishnanagar , Kapilvastu
Lumbini Province

**Invitation for online Bids**

Date of first publication : 2080-09-23 (8 th Jan ,2024)

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name: Office of Municipal Executive Krishnanagar , Kapilvastu .

| S.N | Contract ID | Name of Projects | Estimated Amount (with out VAT & Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/WORKS/RD-07/080/081 | DAYANAGAR GAUN DEKHI SISHANIYA GAUN JANE SADAK KALOPATRE | 21,01,099.10 | 53,000.00 | 3000.00 | 07-02-2024 12:00 | |
| 2 | KNM/NCB/GOODS-4/2080/081 | Phusko Chhana Visthapan karyakram (Procurement of Jastapa, NS Black Pipe and other assoceries)-II | 63,88,598.09 | 1,60,000.00 | 3000.00 | 07-02-2024 12:00 | |

Ramesh Gautam
Chief Administrative Officer

## नगरवासीमा अनुरोध

**शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले ...**
-चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं
-शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ,घर बाहिर निस्कनु परेमा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं
-गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
-धुम्रपान तथा मद्यपानको सेवन नगारौं
-कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
-तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं
-सुत्ने कोठामा आगो,मकल,कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन जसले गर्दा श्वास फेर्न नसकी निसास्एिर मृत्यु समेत हुन सक्छ
-आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं

**बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय,**कपिलवस्तु
**महाराजगञ्ज नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** क.व.
**सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** सैनामैना
**लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** रुपन्देही
**शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** अर्घाखाँची
**सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** रुपन्देही
**बर्दघाट नगरपालिका नगरकार्यपालिकाको कार्यालय,** नवलपरासी

## गाउँवासीमा अनुरोध

**शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले ...**
-चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं
-शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ,घर बाहिर निस्कनु परेमा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं
-गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
-धुम्रपान तथा मद्यपानको सेवन नगारौं
-कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
-तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं
-सुत्ने कोठामा आगो,मकल,कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन जसले गर्दा श्वास फेर्न नसकी निसास्एिर मृत्यु समेत हुन सक्छ
-आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं

**विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**मायाँदेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** कपिलवस्तु
**कन्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** रुपन्देही
**गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** रुपन्देही
**धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,** गुल्मी

# एमालेका १९ उम्मेदवारमा कुनकुन कलस्टर समेटीए

**पशुपति गिरी**
कपिलवस्तु २२ पुस

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनका लागि सबै १९ जना उम्मेदवारको नाम तय गरेको छ।एमालेको आइतबार बसेको सचिवालय बैठकले सोमबार मनोनयन गर्ने गरी १९ जना उम्मेदवारको नाम तय गरेको महासचिव शंकर पोखरेलले बताए।एमालेले कोशी प्रदेशमा महिलाबाट रुक्मिणी कोइराला सुनसरी अन्यबाट पर्शुराम अधिकारी भोजपुरको नाम टुंग्याएको छामधेस प्रदेशमा महिलाबाट उषादेवी थरुनी पर्सा अन्यबाट डा। अर्जुनकुमार सिंह




राजपुत महोत्तरी उम्मेदवार भएका छन्।

उता बागमतीमा महिलाबाट रोचकुमारी चौलागाईं दोलखा अन्यबाट त्रिलोचन निर्मल पौडेल चितवन, अपाङ्गता(अल्पसंख्यकबाट विवेक देवकोटा काठमाडौं, दलितबाट ध्रुवराज विश्वकर्मा धादिङ को नाम पक्का भएको छागण्डकीमा महिलाबाट सम्झना देवकोटा गोरखा अन्यबाट चक्रबहादुर पराजुली स्याङ्जा र अपाङ्गताअल्पसंख्यकबाट हेमन्द्र शेरचन मुस्ताङ उम्मेदवार हुने भएका छन्।

लुम्बिनीमा महिलाबाट तुलसाकुमारी केसी दाङ, अन्यबाट झपेन्द्रबहादुर घर्ती क्षेत्री पाल्पा लाई उम्मेदवार बनाइएको छाकर्णालीमा महिलाबाट विमलाकुमारी शाही हुम्ला, अन्यबाट डिल्लीप्रसाद भट्ट मुगु दलितबाट हिक्मत विक दैलेख उम्मेदवार भएका छन्।सुदूरपश्चिममा महिलाबाट सावित्रादेवी घिमिरे कैलाली, अन्यबाट ईश्वरीप्रसाद खरेल कञ्चनपुर र अपाङ्गता(अल्पसंख्यकबाट रामचन्द्र जोशी कैलाली लाई उम्मेदवार बनाइएको महासचिव पोखरेलले बताए।

# ४ सय जना जेष्ठ नागरिकलाई न्यानो कम्बल




**सनीउल्ला धोबी**
कपिलवस्तु २२ पुस

कपिलवस्तुको शिवराज नगरपालिका वडा नं. ६ का जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । वडामा रहेका ४ सय जना ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप न्यानो कम्बल वितरण गरिएको वडा अध्यक्ष माहेताब खाँले जानकारी दिनुभयो । वडाले विनियोजन गरेको वडा स्तरिय रकमबाट यस वडा भित्रका ६० बर्ष माथिका जेष्ठ नागरिक लाइ न्यानो कम्मल वितरण गरेको अध्यक्ष खाँले बताउनुभयो।

ज्येष्ठ नागरिकलाई सम्मान गर्दै वडाअध्यक्ष खाँले यो उहाहरुलाई सम्मान मात्र नभई उहाहरुको आर्शिबाद ग्रहण गरेको बताउनु भयो।

बर्षमा एक पटक ज्येष्ठ नागरिकको आर्शिबाद लिने परम्पराको थालनी गरेको बताउदै वडाअध्यक्ष खाँले यस बाट अझ उर्जाशिल भएर काम गर्ने हौसला प्राप्त हुने बिश्वाश रहेको बताउनु भयो ।आफ्नो जीवनको उर्वर समय, श्रम र सीप सबै मुलुकका निम्ति खर्चिएका ज्येष्ठ नागरिक बूढेसकालमा अपहेलित हुने गरेकाले उनीहरूको लागि सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको वडा अध्यक्ष खाँले बताउनुभयो।

सम्मानित जेष्ठ नागरिक तथा पुर्व वडा अध्यक्ष सन्त्री प्रसाद कुर्मीले ज्येष्ठ नागरिकहरुलाई माया गरेर यसरी सम्मान गरिएकोमा धन्यवाद दिनुभयो । आगामी वर्षहरुमा यस्तै, यस्तै रचनात्मक कार्यक्रमबाट ज्येष्ठ नागरिकहरुलाई खुसी पार्न पुर्व वडा अध्यक्ष कुर्मीले अनुरोध गर्नुभयो।

न्यानो कम्बल वितरण कार्यक्रममा वडा सदस्यहरु संगिता पासी, गोकर्ण कुमार तिवारी, राम बहादुर कुर्मी, विष्णु कँहारको सहभागिता रहेको वडा सचिव राम प्रसाद चौधरीले जानकारी दिनुभयो।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# माओवादी केन्द्रका ६ उम्मेदवार यस्ता छन्




काठमाडौं २२ पुस

नेकपा माओवादी केन्द्रले राष्ट्रियसभाको उम्मेदवार टुंगो लगाएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको पदाधिकारी बैठकले उम्मेदवारको टुंगो लगाएको सचिव देवेन्द्र पौडेलले बताए ।उनका अनुसार कोशीबाट चम्पादेवी कार्की, बागमतीबाट श्रीकृष्ण अधिकारी, गण्डकीबाट मनरूपा शर्मा, लुम्बिनीबाट झक्कु सुवेदी, कर्णालीबाट विष्णु विश्वकर्मा र सुदूरपश्चिमबाट रेणु चन्दलाई उम्मेदवार बनाउने निर्णय भएको छ ।१९ सीटको लागि आगामी माघ ११ गते हुने निर्वाचनमा गठबन्धनबाट माओवादीले ६ सीट पाएको थियो। राष्ट्रियसभा निर्वाचनको भोलि उम्मेदवारी दर्ता हुँदैछ।

# रुपन्देहीका १९ उद्योग बन्द गरी आन्दोलनमा




बुटवल, २२ पौष

रुपन्देहीमा सञ्चालित १९ वटा उद्योगहरुले विद्युत काटिएका उद्योगहरुमा निशर्तः लाइन पुनः जडानको माग गर्दै उद्योग बन्द गरेर संयुक्त रुपमा विरोध आन्दोलन उत्रिएका छन्

।उनीहरुले बुधबार नेपाल विद्युत प्राधिकरण भैरहवा र नयाँमिल वितरण केन्द्रलाई ज्ञापनपत्र बुझाउँदै उद्योगीहरुले विद्युत काटिएका उद्योगहरुमा निशर्तः लाइन पुनः जडान नगरे शुक्रबारदेखि आन्दोलन गर्ने चेतावनी दिएका थिए।

विद्युत प्राधिकरणले आफुहरुको मागलाई बेवास्ता गरेपछि बाध्य भएर उद्योग बन्द गरेर संयुक्त रुपमा आन्दोलनमा जानु परेको नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग समितिका सभापति राजेश कुमार अग्रवालले बताए।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ, रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद पराजुली, रुपन्देही उद्योग संघका निर्वतमान अध्यक्ष माधवप्रसाद पौडेल, बुटवल औद्योगिक क्षेत्रका अध्यक्ष हिरामणी भट्टराई, रुपन्देही उद्योग संघका युवराज आचार्य लगायतले बोल्दै एक्कासी लाईन काटिँदा उद्योगीसँगै मजदूर बिचल्लीमा परेको बताए। उनीहरुले बुटवल-भैरहवा औद्योगिक कोरिडोरमा सञ्चालित १९ वटा उद्योगहरुले ट्रंकलाइनको छुट विलिङ भन्दै प्रयोग नै नगरको विद्युतको महशुल तिर्न लगाउनु लगत भएको बताएका छन्।

साथै आफुहरुले पुनः लाइन जडान नभएसम्म आन्दोलन नरोक्ने चेतावनी दिए।

यस्तै उद्योगी र प्राधिकरणबीचको विवाद उच्च अदालत तुलसीपुर बुटवल इजलासमा विचाराधिन रहेकै अवस्थामा लाईन काटिएको र अदालतको फैसला नआउँदासम्म उद्योगको विद्युत तत्कालै सुचारु गरी उद्योग सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्ने उनीहरुको भनाई रहेको छ।



शुभारम्भ अटुट निर्माणको ...
अत्याधुनिक प्रविधिबाट निर्मित उच्च गुणस्तरको SBI ईंट्टा सधैं प्रयोग गरौं
उत्पादक :
समृद्धि ईंट्टा उद्योग प्रा. लि.
सम्पर्क : ९८५७०५०७६०, ९८५७०५०१७०, ९८५७०५०१८५

कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही